# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## दार्मा गाउँपालिका

### सल्यान




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## दार्मा गाउँपालिका

सल्यान




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## दार्मा गाउँपालिका

सल्यान

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना,

कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योँट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण निर्देशनलय, कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
दार्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सल्यान ।

**कैफियत सहितको राय**

हामीले दार्मा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ५ करोड ११ लाख २१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २४ लाख ५५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ९३ लाख ७९ हजार, नियमित गर्नुपर्ने रु २ करोड ६६ लाख ३८ हजार, सोधभर्ना नलिएको रु १४ लाख ७१ हजार र पेश्की रु ११ लाख ७८ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ९ करोड ५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १३ करोड ४८ लाख १४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(...............)

नायब महालेखापरीक्षक

दार्मा गाउँपालिका, सल्यान

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७१ | १५२ | ५११२१ | ० | ० | ० | ७१ | १५२ | ५११२१ | २४५५ | २६६३८ | १९३७९ | ० | १४७१ | ४७४८८ | ११७८ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दार्मा गाउँपालिका, सल्यान | ९०००५ | ० | ६३१२ | ८३६९३ | ० | ५११२१ | १३४८१४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : दार्मा गाउँपालिका, सल्यान , दार्मा गाउँपालिका , सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रेशम वली | २०७८-१२-४ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५१,१२१,७३२.३५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,६३,०२,०९५.९८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,२७,४८,३८० | **चालु खर्च** | २९,९५,२८,६३८ |
| **प्रदेश सरकारबाट अनुदान** | २,९६,७७,०९१ | **पूँजीगत खर्च** | ११,१६,४९,११९ |
| **राजश्व बाँडफाँट** | ६,५८,२९,६८७.७६ | **वित्तीय/अन्य व्यवस्था** | ९९,१७,६२४ |
| **आन्तरिक आय** | २१,४८,४६१ | | |
| **अन्य आय** | १,५४,२५,११०.७५ | | |
| **कुल आय** | ४३,५८,२८,७३०.५१ | **कुल खर्च** | ४२,१०,९५,३८१ |
| **बाँकी मौज्दात** | | ५,१०,३५,४४५.४९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय लोकतन्त्र स्थापना गरी लाभ जनतासम्म पुर्याउने समानुपाति समावेशी र न्यायोचित वितरणद्धारा कानुन राज्य र दिगो विकासको अवधारण अनुरुप ३ तहको सरकार विचको सहकारिता सहअस्तित्व र समन्वय प्रवर्धन गरी उत्तरदायित्व र जिम्मेवारीको पारदर्शिता निश्चिता गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न २०७३ सालमा यो गाउपालिकाको स्थापना भएको हो । कर्णाली प्रदेश, सल्यान जिल्ला स्थित १९९६६ जनसंख्या भएको यो गाउपालिकामा ८१.४६ वर्ग कि.मि. क्षेत्रफल र ६ वडा रहेका छन ।<br>महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना, २०७९ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजनाबमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी गाउपालिकाको आर्थिक बर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।लेखापरीक्षणबाट देखिएका प्रमुख ब्यहोरा देहाय अनुसार छन।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>स्थानीय संचित कोष<br>स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ६९ र ७२ वमोजिमगाँउपालिकाले प्राप्त गरेको आयअनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८/७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।
<table>
<tr><td colspan="9">म.ले.प.फा.नं. २७२ प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td><td colspan="3">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>४६५०५८१८८</td><td>४३५८२८७३०.५१</td><td></td><td>४३५८२८७३०.५१</td><td>४२७१३४७८७.७४</td><td></td><td>४२७१३४७८७.७४</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>४५५४२०७१७</td><td>४२१११५७०४.७६</td><td>०</td><td>४२१११५७०४.७६</td><td>४१०३०४६४६.७४</td><td>०</td><td>४१०३०४६४६.७४</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>६९३९३१५७</td><td>६५८२९६८७.७६</td><td>०</td><td>६५८२९६८७.७६</td><td>५६९१५७४५.५०</td><td>०</td><td>५६९१५७४५.५०</td></tr>
<tr><td>१३००० अनुदान</td><td></td><td>३७९६८५०००</td><td>३५२४२५४७१</td><td>०</td><td>३५२४२५४७१</td><td>३५१३६४३३८</td><td>०</td><td>३५१३६४३३८</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय सरकार | १२ | ३३८२०३०००० | ३२२७४८३८० | ० | ३२२७४८३८० | ३२०५२९३८१ | ० | ३२०५२९३८१ | |
| | | | प्रदेश सरकार | १२ | ४१४८२००० | २९६७७०९१ | ० | २९६७७०९१ | ३०८३४९५७ | ० | ३०८३४९५७ | |
| | | | १४००० अन्य राजस्व | | ५७७१५६० | २१४८४६१ | ० | २१४८४६१ | १९७२२४३.२४ | ० | १९७२२४३.२४ | |
| | | | १५००० विविध प्राप्ति | | ५७१००० | ७१२०८५ | ० | ७१२०८५ | ५२३२ | ० | ५२३२ | |
| | | | ख. अन्य प्राप्ति | | ९६३७४७१ | १४७१३०२५.७५ | | १४७१३०२५.७५ | १६८३०१४१ | | १६८३०१४१ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | २८४९०० | ० | २८४९०० | |
| | | | कोषहरु | | ९६३७४७१ | ९०५३५६६.७५ | ० | ९०५३५६६.७५ | १४२६८७६० | ० | १४२६८७६० | |
| | | | धरौटी | | ० | ५६५९४५९ | ० | ५६५९४५९ | २२७६४८१ | ० | २२७६४८१ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ५१६६०२४७१ | ४२१०९५३८१ | | ४२१०९५३८१ | ४२२१८००३०.८६ | | ४२२१८००३०.८६ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५०६९६५००० | ४१११७७७५७ | | ४१११७७७५७ | ४१०२५६९०९.८६ | | ४१०२५६९०९.८६ | |
| | | | २१००० | १८ | ९५५६८७५० | ८६८०५४५६ | ० | ८६८०५४५६ | ७८३७६७२१.१७ | ० | ७८३७६७२१.१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पारिश्रमिक / सुविधा | | | | | | | | ७ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २२०२९८५११ | १९५६१४५७३ | ० | १९५६१४५७३ | ७०५२६११३ | ० | ७०५२६११३ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | १०००००० | ४६४९९५ | ० | ४६४९९५ | ३५८७८२२६ | ० | ३५८७८२२६ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | १३१२९००० | ६३७१५५७ | ० | ६३७१५५७ | १३९२०००७ | ० | १३९२०००७ | |
| | | | २८००० अन्य खर्च | १८ | १०५६२४८५ | १०२७२०५७ | ० | १०२७२०५७ | १८९७५०३७ | ० | १८९७५०३७ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १६६४०६२५४ | १११६४९११९ | ० | १११६४९११९ | १९२५८०८०५.६९ | ० | १९२५८०८०५.६९ | |
| | | | घ. अन्य भूक्तानी | | ९६३७४७१ | ९९१७६२४ | | ९९१७६२४ | ४२२१८००३०.८६ | | ४२२१८००३०.८६ | |
| | | | कोषहरु | | ९६३७४७१ | ५९९५६८७ | ० | ५९९५६८७ | १०४५८३७८ | ० | १०४५८३७८ | |
| | | | धरौटी | | ० | ४९०२९३१ | ० | ४९०२९३१ | १४६४७४३ | ० | १४६४७४३ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | -९८०९९४ | | -९८०९९४ | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | -५१५४४२८३ | १४७३३३४९.५१ | | १४७३३३४९.५१ | ४९५४७५६.८८ | | ४९५४७५६.८८ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३६३०२०९५.९८ | | ३६३०२०९५.९८ | २४७१२९११.४३ | | २४७१२९११.४३ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | -५१५४४२८३ | ५१०३५४४५.४९ | | ५१०३५४४५.४९ | २९६६७६६८.३१ | | २९६६७६६८.३१ | |

अन्तर सरकारी अख्तियारी तर्फः

| ब.उ.शि.नं | बार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| सामाजिक सुरक्षा (३१४०१०१२३) | ७८,८२०,२९६.०० | ७७,७६५,७९९.०० | ७७,७६५,७९९.०० |
| स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम[३६५०११११४ | ११,०००,०००.०० | १०,९८२,१०५.०० | १०,९८२,१०५.०० |
| एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्र([३७०००११६४) | २०,०००,०००.०० | १९,७१६,९०६.०० | १९,७१६,९०६.०० |
| मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम[३०१००१०२३] | १०५,०००.०० | १०५,०००.०० | १०५,०००.०० |
| मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम(३०१००१०२४) | १६,३५२,०००.०० | १३,४५७,२७६.०० | १३,४५७,२७६.०० |
| | ११०,०००.०० | ११०,०००.०० | ११०,०००.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय(३१२०००११३) | | | | |
| | | | सामाजिक विकास मन्त्रालय(३५००००११३) कोभिड नि.का. | ५००,०००.०० | ४९४,०८०.०० | ४९४,०८०.०० | |
| | | | आन्तरिक मामिला तथा कानून मन्त्रालय(३१४०००११३) | २५०,०००.०० | ०.०० | ०.०० | |
| | | | जम्मा | १२७१३७२९६ | १२२६३११६६ | १२२६३११६६ | |
| ३ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता**<br>आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी उल्लेख गरेको बाहेक बजेट शीर्षकको निकासा रकम खर्च नभई बाँकी रहेमा सालतमाम हुनुभन्दा कम्तिमा ७ दिन अगाडि आर्थिक कारोवार बन्द गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको रकम आर्थिक बर्षको अन्तमा रु २०२४८०४० फिर्ता गरेको भएतापनि म. ले. प. फा .न. २७२ को अनुसुचि २१ मा प्रदेश तर्फ रु २३४२११० र संघिय तर्फ रु २३०७५८४६ गरी रु २५४१७९५६ फिर्ता गर्न बाकी नै देखिन्छ । सुत्रको एकिकृत बित्तिय बिबरणमा हिसाव मिलान गर्नुपर्दछ । म. ले. प. फा .न. २७२ को अनुसुचि २१ मा फिर्ता गर्नुपर्ने भनी देखाएको रकम भन्दा घटी रु ५१६९९१६ घटी फिर्ता गरेको सम्बन्भमा पालिकाले गो.भौ. १७ मिति २०७९।६।६ बाट संघिय सन्चित कोषमा रु २२७१००० कट्टी गरी बाकी देखिने रु २८९८९१६ फिर्ता गर्नुपर्ने नपर्ने एकिन गरी सम्बन्भित निकायमा फिर्ता गर्नुपर्ने देखिएको रु | | | | २,८९८,९१६ |
| ४ | | | **बजेट तथा कार्यक्रम** | | | | |
| ४.१ | | | **वजेट पेश र पारित** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट असार मसान्त भित्र बजेट पास गरी बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । सो अनुरुप पालिकाको सोही अवधि भित्र बजेट स्वीकृत गरी सो अनुरुप अख्तियारी उपलब्ध गराएको छ। | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | योजना तर्जुमा – स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था छ । बजेटको पूर्व तयारी, सीमा, विषयगत क्षेत्र, स्रोत अनुमान र आयोजना प्राथमिकीकरणका आधारमा बजेट तर्जुमा गर्दा प्राथमिकताक्रम निर्धारण गरेको देखिँदैन । वार्षिक योजना र बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण तयार गरेको र सार्वजनिक गरेको देखिंदैन । योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र लाभको हिस्सेदारीमा स्थानीय समुदायको सहभागिता सुनिश्चित हुने गरी योजना तर्जुमा प्रणाली सुदृढ हुन सकेको छैन । अधिकतम लागत सहभागिता समेत सुनिश्चित हुने गरी योजना कार्यान्वयन गरी अपनत्व लिनेतर्फ ध्यान दिन आवश्यक छ । योजना तर्जुमा प्रणाली सूचक र प्रगतिमा मापन समेत गरिनु पर्दछ । योजनागत भौतिक प्रगति विवरण तयार गरेको छैन । | |
| ४.३ | | | **योजना संसोधनः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा रकमान्तर तोकिए बमोजिमगर्नुपर्ने ब्यबस्था छ ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गाँउसभाबाट योजना तथा कार्यक्रम पास भई अख्तियारी दिएपछि सभाको निर्णय वेगर फरक योजना तथा फरक शीर्षकमा बजेट खर्च गर्न नपाउने व्यस्था छ । गाउ सभाको निर्णयले योजना सम्शोधन गर्दा छनौट भएको योजना तथा कार्यक्रम कार्यान्वयन हुन नसक्नाको उचित पुष्ट्याइ उल्लेख नगरी कार्यपालिकाको निर्णयले छनौट भएका योजनाको बिनियोजन भएको योजना कार्यान्वयन हुन नसक्नाको उचित कारणबेगर पुरै बजेट घटाइ योजना बैंकमा नरहेका नया योजनामा बिनियोजन गर्नुपर्ने आधारबेगर बजेट बिनियोजन गरी खर्च गरेको देखियो । जसका कारण ऐनको प्राबधान अनुसार आयको प्रक्षेपण ,साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा ,बजेटको क्षेत्रगत सीमा, निर्धारण बजेट तथा कार्यक्रमको प्राथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन अनुसार गाँउ पालिकाले योजना तथा कार्यक्रम स्विकृत गरी कार्यान्वियनका लागी प्रमुख प्रशासकिय अधिकृतलाइ अख्तियारी दिइ सकेपछि उचित कारण बेगर कार्यानवयन नगर्नु उचित नदेखिनुका साथै योजना छनौटमा पदाधिकारी हरुको तजबिजिय अधिकार प्रयोग भइ बास्तबिक जनताको आबश्कताको योजना कार्यान्वयन नहुने देखिन्छ । यस बर्ष पालिकाले पुजिगत तर्फ ७१ योजना तथा कार्यक्रममा बिनियोजन भएको रकम रु १ करोड ७१ लाख २१ हजार बजेट घटाइ ऐन विपरित योजना संसोधन गरी ९७ वटा योजना तथा कार्यक्रममा चालु कार्यक्रमबाट समेत रु ३ करोड ४ लाख ४७ हजार खर्च गर्ने कार्य नियन्त्रण हुन पर्दछ। छनौट भएका योजना कार्यान्वयन नगरी अन्य योजनामा बिनियोजन तथा रकमान्तर गरेका केही उदाहरण निम्नानुसार छन। | |

| शुरुको छनौट योजना | बिनियोजन रकम | संसोधित योजनामा बिनियोजन तथा रकमान्तर | रकम |
|---|---|---|---|
| सिमाखोली- गोठीवन-त्रिवेणी -लहँटा सडक स्तरोन्नती | १५ लाख | उम्मगाउँ ठानागाउँ बिष्टगाउँ लाकुरीबोट नुवाकोट सडक स्तरबृद्धि | ७ लाख |
| कनजलुकेनी कमलपोखरी लिफ्ट खानेपानी क्रमागत निर्माण | ३ लाख | फर्निचर तथा फिक्चर्स | ८ लाख |
| मौलाहाले फारुला दार्माकोट स्यालागाँउ नुवाकोट सडक खण्डको फारुला | १४ लाख | विद्युत लाइन मर्मत सम्भार | ५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | दार्माकोट सडक स्तरोन्नती योजना | | | लाख | |
| | | | .चिउरेखोला-सिङ्गारिकोट-रागेडाँडा सिंचाई कुलो निर्माण मर्मत | १० लाख | खानेपानी तथा सिंचाइ पाइप खरिद | ५ लाख | |
| | | | सिमखोली-गोठीवन प्रसुतीगृह सडक निर्माण | १५ लाख २४ हजार | गाउँपालिका भित्रका सडक मर्मत/ निर्माण | ६ लाख | |
| | | | अँधेरीखोला-लयटा-नेटापिपल-साङटा सडक निर्माण | १५ लाख | वडा नं. १ र ५ मा रहेका लिफ्ट खानेपानिको लागि नयाँ मोटर खरिद | ५ लाख | |
| | | | सहिद समृति व्याडमिन्टन कबर्ड हल निर्माण | १२ लाख | जनज्योति मावि पर्खाल निर्माण | ४ लाख | |
| | | | भाटमारे भुरुङखोला सडक निर्माण | ४ लाख | वडा नं. ३ तथा अन्य वडाहरुमा रहेका लिफ्ट खानेपानी आयोजनाहरुको लागि मोटर खरिद | ५ लाख | |
| | | | | | उज्यालो दार्मा अभियान अन्तर्गत विद्युत शाखा लाईन विस्तार | १३ लाख | |
| | | | | | उम्मगाउँ ठानागाउँ बिष्टगाउँ लाकुरीबोट नुवाकोट सडक | | |
| ४.४ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गरेको देखिएन । | | | | |
| ४.५ | | | कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक बित्तिय तथा भौतिक विवरण तयार गरेको देखिएन। | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.६ | | | क्षेत्रगत बजेट र खर्च- स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। | |

| क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|
| आर्थिक विकास | ३०७०५४७७ | २११३३४७० | ६८.८३ | ९५७२००७ |
| सामाजिक विकास | २७९९४५२४० | २४१८२२९४३ | ८६.३८ | ३८१२२२९७ |
| पूर्वाधार विकास | ८१८२७९६६ | ४९२३६४४४ | ६०.१७ | ३२५९१५२२ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५५३९०३० | ५५३३२७२ | ९९.९ | ५७५८ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १०८९४७२८७ | ९३४५१६२८ | ८५.७८ | १५४९५६५९ |
| | ५०६९६५००० | ४११११७७७५७ | ८१.१ | ९५७८७२४३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.७ | | | बजेट तथा कार्यक्रमको प्राथमिकिकरणः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गरी समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्राथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा यस बर्षको बजेटमा ऐनको प्राबधान अनुसार आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्राथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गरेको देखिएन । ऐनको पालना हुनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **स्थानीय कानुन निर्माण र कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार गाउपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार स्थानीय तहको लागि ४० वटा नमुना कानून प्राप्त भएकोमा पालिकाले सालबसाली तथा अन्य गरी जम्मा ९वटा ऐन,कार्यबिधि १९नियमावली २ निर्देशिका ४ नम्स ४ तर्जुमा गरेको देखिन्छ । निर्माण भएका सबै ऐन, नियम, निर्देशिका तथा कार्यविधि राजपत्रमा प्रकाशन गरेता पनि पुर्णरुपमा कार्यान्वियन भएको देखिएन । । धेरै कानून बन्न बाँकी रहेबाट यस तर्फ गाउपालिकाको ध्यान जानु आवश्यक छ। | |
| ६ | | | **न्यायिकसमिति र कार्य सम्पादन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका उजुरीको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ भने अन्य उजुरी सम्बन्धमा अवधि किटान गरेको छैन । यस पालिकामा गत बर्षको जिम्मेवारी ३ वटा रहेकोमा आ.व.२०७८।७९ मा १२ वटा मुद्धा दर्ता भइ १३ फैसला भएको र २ वटा फछ्यौट हुन बाकीको बिबरण पेश भएको छ । न्यायिक समिति बाट न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |
| ७ | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| ७.१ | | | महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था नभएकोमा पालिकाले निम्नानुसारको खेल कार्यक्रममा भलिबल संघको अध्यक्षलाइ कार्यक्रमिक सहयोगको रुपमा खाना खाजा गाडिभाडा खेलाडिको ड्रेस खरिदको बिल संलग्न गरी भुक्तानी दिएको देखियो।यस्तो बास्तबिक खर्च एकिन नहुने गरी बिल र मागको आधारमा आर्थिक सहायताको रुपमा भुक्तानी गरेको रकम नियमित नदेखिएको रु<br><br>गो**भौ**मिति / कार्यक्रम / भुक्तानी पाउने / रकम<br>१८०।२०७८।११।१० चालु / भलिवल खेलकुद कार्यक्रम / भलिवल संघ अध्यक्ष मदन देवकोटा / ९२२६०<br>२७३।२०७९।२।२६ चालु / फारुला मेला सास्कृतिक कार्यक्रम / भलिवल संघ अध्यक्ष मदन देवकोटा / ५००००<br>३५०।२०७९।३।२५ चालु / जिल्लास्तरिय रनिङसिल / भलिवल संघ अध्यक्ष मदन देवकोटा / १४४४००<br>जम्मा / / / २८६६६० | २८६,६६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.२ | | | ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु ३१ लाख १५ हजार खर्च गरेको देखियो ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ७.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस पालिकाले बिपत तथा आर्थिक सहायतामा यो वर्ष व्यक्ति लाइ रु ४ लाख ६५ हजार आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | |
| ८ | | | **कार्यबिधि निर्माण र अतिरिक्त समय भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले नेपाल सरकार खर्च मापदन्ड निर्देशिकामा बाझिने गरी दार्मा गाउपालिका कार्यसन्चालन कार्यबिधि २०७७ स्वीकृत गरेको देखियो ।<br>अतिरिक्त समय भत्ताः कार्यालयको कार्यबोझको आधारमा कार्यालयको काम नियमित कार्यालय समयमा नभ्याउने भइ कार्यालय समयबाहेक अतिरिक्त समय काम गर्नुपरेको अबस्थामा नेपाल सरकार खर्च मापदन्ड निर्देशिका बमोजिम आधार र कारण सहितको बिबरण खुलाइ कम्तिमा दैनिक २ घन्टा अतिरिक्त समय काम गर्दा सार्बजनिक बिदाको दिन रु ६०० र कार्यालय खुलेको दिन रु ३०० प्रति ब्याक्ति खाजा खर्च दिन सक्ने ब्यबस्था भएकोमा पालिकाले पालिकाले दार्मा गाउपालिका कार्यसन्चालन कार्यबिधि २०७७ को दफा ६ मा कर्मचारीको तहअनुसार प्रशासनका कर्मचारीलाइ कार्यालय खुलेको दिन ३ घन्टा भन्दा बढि समय काम गरेमा तोकिएको दरमा ५० प्रतिशत थप समेत रु २२५ देखि रु ६३७।५० सम्मर सार्बजनिक बिदाको दिन ४५० देखि १२५० सम्म तथा इन्जिनियर सेवाका स्थायी कर्मचारीलाइ पालिका भित्रका योजना अनुगमन मुल्यांकन फिल्डमा जादा र अतिरिक्त समय काम गरेबापत शुरु तलब स्केलको ५० प्रतिशतले हुने रकम कार्यपालिकको निर्णयले दिने ब्यबस्था गरी यस बर्ष प्रशासनिक कर्मचारी प्रमुख प्रशासकिय अधिकृत शिक्षा अधिकृत लेखापाल सहायक पाचौ जिन्सीर कम्प्युटर अप्रेटरलाइ श्रावण देखि मंसिर सम्म रु रु ३४५०४५ तथा प्राबिधिक कर्मचारी ५ जनालाइ बर्षभरी मासिक तलवस्केलको ५० प्रतिशतले रु ८६७८४० भुक्तानी गरेको देखियो ।यस्तो अतिरिक्त समय काम गरेको खाजा खाना खर्च नेपाल सरकार खर्च मापदन्ड निर्देशिका बमोजिम आधार र कारण सहितको बिबरण खुलाइ कम्तिमा दैनिक २ घन्टा अतिरिक्त समय काम गर्दा सार्बजनिक बिदाको दिन रु ६०० र कार्यालय खुलेको दिन रु ३०० सम्म मात्र दिन मिल्ने र सो भन्दा बढि हुने गरी कार्यबिधिमा समेत ब्यबस्था गर्न मिल्दैन।तसर्थ संघिय खर्च मापदन्ड निर्देशिका भन्दा बढि दर तथा प्रतिशतमा भुक्तानी गरी ब्ययभार पारेको रु | १,२१२,८८५ |
| ९ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.१ | | | **दरबन्दी स्वीकृत र पदपुर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्नेमा पालिकाले स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखीदरवन्दी स्वीकृत र पदपूर्ति गरेको देखिएन। अधिकृतस्तरका इन्जिनियर आठौं, शिक्षा अधिकृत र पशु अधिकृत जस्ता दपहरु रिक्त रहेको तथा राजस्व क्षमताले नभ्याउने गरी तल्लोतहका पदमा करार कर्मचारी राखेको देखिन्छ । पालिकाको क्षमता अनुसार ऐनले तोके बमोजिम दरबन्दी स्वीकृत र पदपुर्ति गर्नुपर्दछ । | |
| ९.२ | | | निजामती सेवा कानून वमोजिम तलवि प्रतिवेदन पारित गरेर मात्र तलवभत्ता खर्च लेख्नुपर्नेमा पालिकाले स्वास्थ्य ,कृषि, पशु र शिक्षा तर्फका कर्मचारीहरुको तलवी प्रतिबेदन पास गरेको देखिएन । | |
| ९.३ | | | कर्मचारी करार:– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न शिक्षा बाहेक गा पा तर्फ कृषि, पशु सव इन्जिनियर पदमा ११ जना कर्मचारीहरु करारमा राखी रु.३९७७२२०। खर्च लेखेको छ.। | ३,९७७,२२० |
| ९.४ | | | **अबकाश कोषः**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरीअबकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यस बर्ष कर्मचारीको तलवबाट १०प्रतिशत कट्टि गरेको देखिएन ।ऐनको ब्यबस्था अनुसार कल्याण कोषको ब्यबस्था गरी उक्त कोषमा मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ । | |
| १० | | | **पेश्को**<br>आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ बमोजिम मोबिलाइजेशन बाहेक अन्य पेश्की आर्थिक बर्षभित्र फछ्र्यौट गर्नुपर्ने ब्यबस्था भएकोमा पालिकाले निम्नानुसारको मोबिलाइजेशन पेश्की रु २३८५८०० र आर्थिक बर्ष भित्र सम्पन्न गर्नुपर्ने कार्यक्रम पेश्की रु ११७७७९३ फछ्र्यौट नगरी बाँकी देखिएकोले नियमानुसार असुल फछ्र्यौटगर्नुपर्ने रु | १,१७७,७६३ |

| · नं | | पेश्की लिएको | गो. भौ. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | खर्च उप | चालु आ. व. | | | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | मिति | न. | | | शिर्षक | म्याद ननाघेको | | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | जम्मा | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | रकम | फछ्र्यौट को अन्तिम म्याद | | | | | |
| | | | १ | २ | ३ | ४ | ५ | ८ | ९ | १० | ११ | १५=(९+१२) | १६=(११+१४) | १७=(१५+१६) | |
| | | | १ | ०८/०१/२०७९ | ११४ | .चिउरेखोला-सिङ्गारिकोट-रागेडाँडा सिंचाई कुलो निर्माण मर्मत | श्रि जी. कन्स्ट्रक्सन प्रा.लि. | ३११५५ | ६४४८०० | ३०/०३/२०७९ | ० | ६४४८०० | ० | ६४४८०० | |
| | | | २ | ०९/०१/२०७९ | ११५ | मौलाहाले फारुला दार्माकोट स्यालागाँउ नुवाकोट सडक खण्डको फारुला दार्माकोट सडक स्तरोन्नती योजना | विजयश्वरी निर्माण सेवा | ३११५१ | ९४१००० | १३/०२/२०७९ | ० | ९४१००० | ० | ९४१००० | |
| | | | ३ | ११/०१/२०७९ | ११८ | वडा नं.१ र ५ को वडा कार्यालय भवन निर्माण | स्टार दार्मा मालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | ३१११२ | ८००<br>० | ३०/०३/२०७९ | ० | ८००००० | ० | ८००००० | |
| | | | | जम्मा | | | | | २३८५८०० | | ० | २३८५८०० | ० | २३८५८०० | |
| | | | १ | २४/०३/२०७९ | ३७ | सज्डान्डा झ्यारीबाङ्गखलिखोला वडा.नं ४ रातमाटा-बाटुलेचौर सिलिङि सस्पेन्सन झो.पु दार्मा गाउँपालिका सल्यान | झ्यारीवाङ झौलुङ्गे पुल निर्माण उपभोक्ता समिति | ३११५१ | ० | २०/०३/२०८० | ७१००३० | ० | ७१००३० | ७१००३० | |
| | | | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २ | | २४/०३/२०७९ | ३७ | सज्डान्डा झ्यारीबाङ्गखलिखोला वडा.नं ४ रातमाटा-बाटुलेचौर सिलिङि सस्पेन्सन झो.पु दार्मा गाउँपालिका सल्यान | साजडाँडा झौलुङ्गे पुल निर्माण | ३११५१ | ० | २०/०३/२०८० | ४६७७३३ | ० | ४६७७३३ | ४६७७३३ | | |
| | | | | जम्मा | | | | | | ० | | ११७७७६३ | ० | ११७७७६३ | ११७७७६३ | | |
| | | | | कुल जम्मा | | | | | | २३८५८०० | | ११७७७६३ | २३८५८०० | ११७७७६३ | ३५६३५६३ | | |
| ११ | | | **सम्पत्ति उपयोग र संरक्षण** | | | | | | | | | | | | | | |
| ११.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७६ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउ पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको अवस्था छ । जिन्सी निरिक्षण गरी गराइ प्रतिवेदन तयार गराइ गाँउ पालिकाले एकीकृत जिन्सी अभिलेख तयार गरी राखेको देखिएन । यसरी जिन्सी मालसामानको आम्दानी र एकीकृत अभिलेख नहुदा जिन्सी मालसामानहरु.हराउन हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका र हस्तान्तरण भइ आएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ। | | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.२ | | | (क)सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा।गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।गाँउ पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेकोअभिलेख राखेको पाइएन । गाँउ पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ।<br>(ख) जग्गापदण्ड– स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू–जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस गाँउ पालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलव्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।<br>(ग) राष्ट्रिय भवन संहिता– स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४३ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय भवन संहिताको अधिनमा रही थप मापदण्ड समेत बनाई लागू गर्न सक्ने व्यवस्था छ । भवन संहिता पालनालाई गाँउ पालिकाले कार्यान्वयनमा ल्याएको छैन । भवन संहिता कार्यान्वयन गर्न पालिकामा साधन र स्रोत नरहेको सम्बन्धित मन्त्रालयले संहिता लागू गर्ने सक्रियता नदेखाएको मापदण्ड विपरीत भवन निर्माण भएको नक्सा पास नगरी भवन निर्माण गरेको सर्वसाधारण जनताले संहिता पालना गर्नुभन्दा जरिवाना तिर्न सहज मानेको भवन डिजाइन र निर्माणमा एकै प्राविधिकको संलग्नता रही दोहोरो जाँचको व्यवस्था समेत नरहेको अवस्था छ । भवनको नक्सा पास गर्दा भवन संहिताको पालना गर्नुपर्दछ । नक्सापासलाई तदारुकताको साथ कार्यान्वयनमा ल्याइनू पर्दछ। | |
| १२ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| १२.१ | | | (क) स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन ः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक श्रोत अन्तर्गत खानी जंगल तथा अन्य श्रोत पूर्वाधार अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाँउ प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा गाँउ प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना बजेट प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा।गाँउपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ।<br>(ख) ः ईन्धन खर्चःआर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावलीको नियम ३९ मा रित पु-याई विल भरपाई प्रमाणका आधारमा भुक्तानी दिई लेखाङ्कन गर्नुपर्ने उल्लेख छ । गाँउ पालिकाले रु ४७ लाख ६ हजार ईन्धन खर्च गरेको छ ।ईन्धन खर्चभुक्तानी दिंदा सवारीसाधन नम्बर, प्रयोगकर्ता ,प्रयोजन,गन्तव्य, स्थान,दुरी, खुल्नेगरी सवारी लगबुक राखेको पाईएन । आयल स्टोरको विलका आधारमा मात्र भुक्तानी दिएको पाईयो ।सवारी लगबुक नराखी भुक्तानी दिएको खर्चको आधारमा चलेको माईलेज र खपत ईन्धनको तुलना हुन नसकी यस बर्ष खर्च भएको इन्धन खर्चको खर्च पुष्टी हुन सकेन । सवारी साधन बाहेक कार्यालयको ब्याक हो लोडर भउको खर्चको लगबुक राखेता पनि इन्धन खपत अनुसारको योजनागत खर्च बिबरण र कार्यमुल्यांकन पेश नहुदा मेशिनमा खर्च भएको डिजलबाट कार्यालयको आदेशमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मात्र मेशिन चलेको हो भन्ने आधार देखिदैन ।यसरी ईन्धन खर्च नियन्त्रण र मितव्ययी नभई हिनामिना समेत हुन सक्ने हुँदा कार्यालयबाट एकद्वार प्रणालीमा सवारी साधनमा कुपन प्रयोग गरी लगबुकबाट खपत भएको परिमाणको आधारमा र मेशिनमा कार्य मुल्यांकनको आधारमा मात्र ईन्धन खर्च लेख्नु पर्दछ ।<br><br>(ग) खरिद गुरुयोजना र बार्षिक योजनाः- दार्मा गाउपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम ८ अनुसार १ बर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी बार्षिक ५ करोड भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा खरिद गुरुयोजना र नियम ९ अनुसार बार्षिक १० लाख रुपैंया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले यस आर्थिक बर्षमा पुजिगत तर्फ रु ११ करोड १६ लाख ४९ हजार खर्च गरेकोमा सञ्चालित योजनाहरुको लागी नियमावलीले तोकेअनुसारको खरिद योजना तयार गरेको छैन । जसले गर्दा खर्चमा पारदर्शिता र मितव्ययिता हासिल गर्न नसकिने साथै खरिद व्यवस्थापन कार्यको प्रभावकारितामा असर पर्न जाने देखिन्छ । बार्षिक खरिद कार्यलाई प्रभावकारी मितव्ययी र पारदर्शी बनाउनुका लागी नियमावलीको परिकल्पना गरे बमोजिमको बार्षिक खरिद योजना र खरिद गुरुयोजना तयार गर्नु पर्दछ ।<br><br>(घ) मध्यकालीन खर्च संरचना अन्तर सरकारी बित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले आर्थिक वर्षमा आ–आफनो कार्यक्षेत्र भित्रका बिषयहरुमा सार्वजनिक खर्चको अनुमानित बिवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी बनाउन यस्तो विधि कार्यान्वियनमा ल्याएको छैन। सीमित श्रोत साधन लाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रबाह गर्न लोकप्रियताकालागि वितरणमूखी र बजेट छर्ने प्रबृत्तिमा नियन्त्रण गर्न र योजनाको लाभ लागत बिश्लेषण गरी प्रभावकारी बनाउन मध्यकालीन खर्च सँरचनालाई कार्यन्वयन गर्ने ध्यान दिनु पर्दछ ।<br><br>(ङ) आन्तरिक लेखापरीक्षणःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ .। दार्मा गाँउ पालिकको आर्थिक कार्यबिधि नियमित र ब्यबस्थित गर्न बनेको ऐन २०७७ को दफा १८ मा मा गाउँकार्यपालिका र मातहत कार्यालयहरुको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा तोकिएको मापदण्डभित्र रही गाउँरपालिकाको आन्तरिक लेखापरीक्षण शाखा वा तोकिएको कर्मचारीबाट हुने ब्यबस्था छ ।. । यस पालिकाले उपरोक्त व्यवस्था वमोजिम कार्य गर्न आन्तरिक लेखापरीक्षणको लागि कर्मचारी व्यवस्था र आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको देखिएन ।कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने निकासा लगायतको समानिकरण अनुदान र आन्तरिक स्रोत तर्फको रकमबाट निर्मित बजेट लगायत सबै खर्चको आन्तरिक नियन्त्रण प्रणालीको मुख्य अङ्गको रुपमा भएको आन्तरिक लेखापरीक्षण नभएको कारण श्रेस्ताको जोड जम्मा, अनियमितता जस्ता बिषयमा कार्यालयको जोड जम्मा स्रेस्तालाई नै आधार लिएको छ । यि सबै परिस्थितीको कारण अन्तिम लेखापरीक्षणबाट निरपेक्ष आश्वस्तता प्राप्त नहुने भएकोले सिमित आश्वस्तता मात्र प्राप्त हुन सकेको अवस्था छ । अतः आन्तरिक लेखापरीक्षण सम्वन्धमा ऐनमा भएको व्यवस्था अनुरुप कर्मचारी ब्यबस्था गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सबल र सक्षम बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.२ | | | बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएकोमा म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम ८०१ – बेरुजु लगत ,म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन,म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत,म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन,म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख, राखेको देखिएन। तोके अनुसार म. ले. प. फाराम अद्यावधिक गर्नुपर्दछ । | |
| १२.३ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी प्रभावकारी नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु.देहाय बमोजिम छन् । ·<br>• जिन्सी निरिक्षण प्रतिवेदन तयार गरि जिन्सी मालसमानको लिलाम मर्मत सम्वन्धी कारवाही नगरेको<br>• उद्वेश्य प्राप्तिमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको<br>• पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको<br>• कर्मचारीको पद बर्गिकरण अनुसारको कार्य विवरण बनाएतापनि लागू नगरेको<br>• गुनासो पेटिकाको प्रयोग गरी गुनासो वा उजुरीको अभिलेख नराखेको.<br>• वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण नगरेको<br>• पुँजीगत खर्चमा प्राथमिकता नअपनाएको<br>• स–साना योजनालाई प्राथमिकतामा राखेको<br>• कोषहरुको कार्यविधि कानून नवनाएको<br>• उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको<br>• योजनाको सार्वजनिक लेखापरीक्षणमा विस्तृत विवरण नभरेको<br>• मर्मत कोषको कार्यविधि नवनाएको<br>• संस्थागत क्षमता विकासमा न्यून प्रगति गरेको<br>• प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन नगरेको<br>• ठेक्का अवधिमा कार्य सम्पन्न नगरी म्याद थप गरेको<br>• राजस्वको प्रक्षेपण र प्राप्ति वैज्ञानिक नदेखिएको<br>• आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका वनाई कार्यान्वयनमा नल्याएको.<br>• एकीकृत सम्पत्ति विवरण र जिन्सीको एकत्रित लगत र निरीक्षण नगरेको<br>• नेप्सासमा आधारित वित्तीय विवरण तयार नगरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • भ्रमण अभिलेखमर्मतसवारी साधनको मर्मत अभिलेख नराखेका<br>• खर्च मापदण्ड निर्देशिकाको पालना नगरेको<br>• तालिमगोष्ठीको लागत अनुमान तयार गरी प्रस्ताव आब्हाननगरेको<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन नगरेको<br><br>भ्रमण खर्चः भ्रमण खर्च नियमावलीको नियम २०६४ मा सरकारी कामको सिलसिलमा मुलुक भित्र आफ्नो कार्यालय भन्दा वाहिर भ्रमण वा काजमा खटिएका कर्मचारीले मात्र भ्रमण खर्च पाउने व्यवस्था छ । पालिकाले निश्चित काम नतोकी कर्मचारीलाई भ्रमण खर्च लेख्न पाउने देखिदैन ।कार्यालयले भ्रमण आदेशमा भ्रमणको उद्वेश्यमा सरकारी काम उल्लेख गरी भ्रमण प्रतिबेदन र भ्रमण अभिलेख बेगर अनुगमन मुल्यांकन खर्च २१ लाख ५८ हजार र भ्रमण खर्च रु ४ लाख ५२ हजार गरी कुल रु २६ लाख १० हजार भुक्तानी दिएको पाइयो ।भ्रमणमा खटाउदा स्पष्ट काम तोकी भ्रमण अभिलेख र प्रतिबेदन लिएर मात्र भ्रमण भत्ता भुक्तानी गर्नु पर्दछ ।<br>चौमासिक खर्चः- आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ वमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगती विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुँजीगत तर्फ प्रथम चौमासिकमा १०.४७ प्रतिशत दोश्रो चौमासिकमा २३.५९प्रतिशत र तेश्रो चौमासिकमा ६५.९४ प्रतिशत खर्च गरेको र आषाढ महिनामा मात्र कुल खर्चको ४१.६१ प्रतिशत खर्च गरेको छ । वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृत्तिमा सुधार गरिनुपर्दछ । | |

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | |
| पूँजीगत कूल खर्च: | ११,१६,४९,११९ | १,१६,९१,९५८ | २,६३,४३,८१८ | ७,३६,१३,३४३ | ४,६४,६७,०१० |
| खर्च प्रतिशत | १०० | १०.४७ | २३.५९ | ६५.९४ | ४१.६१ |

भौतिक प्रगति बिबरणः आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्नेमा गाँउपालिकाले कार्यक्रम र योजनागत भौतिक प्रगति बिबरण तयार गरेको देखिएन । बित्तिय र भौतिक प्रगति बिबरण तयार गर्नु पर्दछ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **सेवा प्रबाह**<br>**सेवा प्रबाहको स्थतिः** सेवा प्रबाहलाइ चुस्त दुरुस्त एबं प्रभावकारी बनाउन पालीकाले प्रयाप्त ध्यान दिनु पर्दछ । पेश भएको बिबरण अनुसार यस बर्ष गाँउ पालिकाले पन्जिकरण तर्फ जन्म मृत्यु दर्ता २६० नागरिकता सिफारिस ५५२, घरबाटो सिफारिस३७२, नाता प्रमाणित३०६ र अन्य १४७ देखिन्छ। पूर्वाधार विकासतर्फ सार्वजनिक निर्माण र सडकको तथ्याङ्क पेश भएको छैन । सेवा प्रवाह सम्बन्धी सबै तथ्याङ्क एकीकृत गरी भौतिक प्रगति विवरण अद्यावधिक गर्नुपर्दछ।<br><br>स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वियन गर्न संघ, प्रदेश र स्थानीय तहबीचको सहकारीता, सहअस्तित्व र समन्वयलाई अगाडि बढाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व सम्बन्धित पालिकामा रहेको छ । पालिकामा दरबन्दी अनुसार कर्मचारी नभएको कारण जनशक्तिको अभाव, कार्यालय भवन लगायतका पूर्वाधारको अभावमा सेवा प्रवाह थप प्रभावकारी हुन सकेको देखिएन । निर्वाचित पदाधिकारीबाट ५ वर्षे कार्ययोजना समेत बनाउन नसकेको स्थिति छ । सभाबाट स–साना टुक्रे धेरै योजना पारित हुने, पारित योजनाहरु.कार्यान्वियन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक खर्च र वितरणमा ध्यान केन्द्रीत गर्ने, दीगो योजना नबनाउने, पदाधिकारीहरु.सुविधा प्राप्तिमा केन्द्रीत रहने लगायतका कारण प्रभावकारी सेवा प्रवाह हुन नसकेको अवस्था छ । पालिकाले सेवाग्राहीबाट सेवा सन्तुष्टि मूल्याङ्कन गर्ने व्यवस्था अवलम्बन गरेको देखिएन । जनशक्ति कठिनाईले समेत सेवा प्रवाहमा असर पारेको अवस्था छ । कार्यको प्राथमिकीकरण हुन नसक्दा स्थानीय तह आफैले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्था मार्फत कार्यहरुको पुनरावलोकन नहुँदा सेवा प्रवाह अपेक्षा अनुरुप हुन सकेको छैन. | |
| १४ | | | **बिद्यालयको मापदन्ड र गुणस्तर** | |
| १४.१ | | | निजी विद्यालय व्यवस्थापनःपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ, छैन सो सम्बन्धमा अनुगमन प्रतिवेदन तयार गरी सार्वजनिक गरेको देखिएन।अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन तयारगर्नु पर्दछ । | |
| १४.२ | | | सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी मापदण्ड बमोजिम अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्नु पर्नेमा यस पालिकाले शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार तथा प्रतिवेदन सार्वजनिक गरेको देखिएन। | |
| १५ | | | **वित्तीय विवरण परीक्षण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.१ | | | (क) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउ पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>(ख ) स्विकृत लेखा ढाँचामा तोकिएको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथावर्गीकरण र व्याख्या २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । गाँउपालिकाले सुत्रबाट तयार भएको बित्तिय प्रतिबेदन म.ले.प.फा.नं २७२ मा सिग्यास तर्फको संघिय तथा प्रदेश अन्तरसरकारी अख्तियारीको खर्च रु १२ करोड ३१ लाख ३६ हजार समाबेश नगरेबाट प्रस्तुत प्राप्त आर्थिक विवरणले सवै कारोवारलाइ प्रतिनिधित्व गरेको छैन । स्विकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ । | |
| १५.२ | | | जिम्मेवारी घटी सारेको–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । यस स्थानीय तहको अन्तिम लेखापरीक्षण प्रतिवेदन २०७७।७८अनुसार गत वर्षको अन्त्यमा कायम भएको मौज्दात भन्दा यो बर्षको शुरुमा फरक जिम्मेवारी सारेको देखियो । गतको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा अन्तिम मौज्दात रु ३,७५,७२,७६१।९८रहेकोमा यस बर्ष म.ले.प.फा. न.२७२ को एकिकृत बित्तिय बिबरणमा गत बर्षको जिम्मेवारी रु ३६३०२०९५।९८ जिम्मेवारी सारेको देखिएकोले घटि जिम्मेवारी सारेको रु१२७०६६६ सम्बन्धमा यकिन गरी आम्दानी बाँध्नुपर्ने रु | १,२७०,६६६ |
| १५.३ | | | स्थानीय तह सरकार संचालन ऐन २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको देखिएन । बैंक हिसाब मिलान विवरण तयार गरी फरक परेको रकम यकिन गनुपर्दछ।कार्यालयले बैक खाता र श्रेस्ताको कारोवारको फरकलाई पुष्टि गर्ने बैक हिसाव मिलान विवरण(म.ले.प.फा.न. २१२ ) तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गर्नु पर्दछ । | |
| १५.४ | | | आयकर ऐन २०५८ मा कार्यालयले कट्टी गरेको रकम अर्को महिनाको २५ गते कभित्र सम्बन्धित कट्टी शिर्षकमा दाखिला गर्नुपर्ने ब्यबस्था भएकोमा कार्यालयले असार मसान्त सम्म कट्टी गरेको रु ९८०९९४ दाखिला नगरी मौज्दात राखेकोमा पालिकाले २०७९।८० गो.भौ. ६ मिति २०७९।६।६ मा धरौटी रु ४९६७९८ र अग्रीम कर रु ४३८३९५ गरी रु ९३५१९३ दाखिला गरेको प्रमाण पेश गरेको छ । वित्तीय प्रतिवेदन अन्य भूक्तानी तर्फ (म.ले.प.फा.न. २७२ ) मा कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी रु ४५८०१ सम्बन्धित खातामा जम्मा गर्नुपर्ने रु | ४५,८०१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.५ | | | स्थानीय तहमा प्राप्त हुनेसबै आयब्यय समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गर्नुपर्नेमा गाँउपालिकाले सुत्रबाट तयार भएको बित्तिय प्रतिबेदन म.ले.प.फा.नं २७२ मा सिम्यास तर्फको संघिय तथा प्रदेश अन्तरसरकारी अख्तियारीको खर्च रु १२ करोड ३१ लाख ३६ हजार समाबेश नगरेबाट प्रस्तुत प्राप्त आर्थिक विवरणले सवै कारोवारलाइ प्रतिनिधित्व गरेको छैन । स्विकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ । | |
| १६ | ३६१ | २०७९-३-२५ | **असुल गर्नुपर्ने**<br>पालिकाले वर्ष, शिर्षक, कर्मचारी, विद्यालय, विद्यार्थी र अभिभाकक छनौट कार्यक्रम मा रु ५००००। खर्च लेखि रोम प्रसाद पाण्डेयलाई भुक्तानी भएकोमा बिल भरपाई रु४६७५०। को मात्र भएकोले बिल भरपाई भन्दा बढी भुक्तानी भएको रु ३२५० असुल गर्नुपर्ने रु | ३,२५० |
| १७ | ३९४ | २०७९-३-९ | **दाखिला भौचर**<br>पालिकाले विभिन्न भुक्तानीमा कट्टी गरेको कर तथा कोष रकमहरु रु १९७६४६८ दाखिला मध्ये नेपाल बैक लिमिटेडको नाममा रु९४३३६९ चेक काटी खर्च देखाएकोमा रु ८१६५९४। सम्बन्धित कार्यालयमा दाखिला गरेको भौचर पेश भएकोमा रु १२६७७५। दाखिला गरेको भौचर पेश नभएको रु | १२६,७७५ |
| १८ | | | **गत वर्षको भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१५)मा तोकेको खर्चको भुक्तानी दिन बाँकी रहेमा चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट कार्यालयले भुक्तानी दिन मिल्ने व्यवस्था भएमा पालिकाले नियमावलीमा तोकिएको खर्च शिर्षकहरुमा मात्र भुक्तानी दिन मिल्ने व्यवस्था छ । तर पालिकाले नियमावलीमा तोकीएका खर्च शिर्षक बाहेकका कार्यक्रमहरु रु ३ करोड २ लाख ८१ हजार भुक्तानी दिएको रकम छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **न्यायिक समितिको बैठक भत्ता**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७७ को दफा ११ मा न्यायिक समितिका सदस्यहरुले महिनामा बढीमा दुई वटा बैठकको लागी प्रति बैठक ५०० का दरले इजलास भत्ता पाउने व्यवस्था रहेको छ । स्थानीय सरकार सचालन ऐन २०७४ को परिच्छेद ८ मा न्यायीक कार्य सम्बन्धी व्यवस्था अन्तर्गत विवादको किनारा लगाउने समितिको अधिकार क्षेत्र अनुसार विवाद किनारा लगाएवापतको भत्ता मात्र पाउनेमा इजलास भत्ता साथै बैठक भत्ता समेत गरी भुक्तानी भएकोले देहाबमोजिमको इजलास भत्ता बाहेकको बैठक भत्ता रकम रु१०५८२५ असुल गर्नुपर्ने । | १०५,८२५ |

| सि नं | पदाधिकारी/कर्मचारीको नाम | पद | रकम | |
|---|---|---|---|---|
| | | | २०७८।७९ | २०७७।७८ |
| १ | टिका शर्मा वली | उपाध्यक्ष | ८९२५ | ११४७५ |
| २ | दुर्गा बहादुर मल्ल | सदस्य | ७६५० | ११४७५ |
| ३ | साक खत्री | सदस्य | ७६५० | ११४७५ |
| ४ | खुम बहादुर के सी | उजुरी प्रशासक | ३८२५ | ० |
| ५ | माधव के सी | आमन्त्रित सदस्य | ३८२५ | ० |
| ६ | सुनिल वि सी | आमन्त्रित सदस्य | १२७५ | ० |
| ७ | लोकेन्द्र के सी | सा.प.न्याय शाखा | ८९२५ | ११४७५ |
| ८ | लोकेन्द्र विश्वकर्मा | का स | ८९२५ | ८९२५ |
| | | जम्मा | ५१००० | ५४८२५ |
| | | | १०५८२५ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>अग्रीम आयकर<br>आयकर ऐन २०५८ को दफा नं ८९ क मा मूल्य अभिवृद्धि कर बिजकको भुक्तानीमा १.५ प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्ने र दफा ८७ ८८ र ८९ अनुसार मूल्यवृद्धि करमा दर्ता नभएको व्यक्ति वा फर्मलाई भुक्तानी गर्दा १५ प्रतिशत अग्रीम कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाको विभिन्न सुचना छपाई तथा कार्यक्रम प्रशारण गरेवापत देहायका संस्थालाई १.५ प्रतिशत मात्र कर कट्टी गरी भुक्तानी गरेकोले १३.५ ले हुने कर असुल गर्नुपर्ने रु
<table>
<tr><td>गो भौ नं मिति</td><td>संस्थाको नाम</td><td>भुक्तानी रकम</td><td>कर कट्टी गरेको</td><td>बाँकी कर</td></tr>
<tr><td>२८०।२०७९।३।१</td><td>प्राणमञ्च राष्ट्रिय मासिक६१३०४८९४५</td><td>१५०००</td><td>२२५</td><td>२०२५</td></tr>
<tr><td>२८८।०७९।३।५</td><td>प्रदेश टुडे राष्ट्रिय दैनिक ६०७६१०७०१</td><td>१००००</td><td>१५०</td><td>१३५०</td></tr>
<tr><td rowspan="2">३०४।०७९।३।१३</td><td>रोजर मिडिया प्रोमोसन ६१०१२३७५५</td><td>१२०००</td><td>१८०</td><td>१६२०</td></tr>
<tr><td>लोकबेशी मिडिया ग्रुप प्रा लि ६०६६४५५४८</td><td>१२६००</td><td>१९०</td><td>१७००</td></tr>
<tr><td>३२०।०७९।३।२१</td><td>सल्यान मिडिया हाउस प्रा लि ६०९७०५५९५</td><td>१००००</td><td>१५०</td><td>१३५०</td></tr>
<tr><td></td><td>कभर खबर मिडिया ग्रुप प्रा लि ६०९६९५५९७</td><td>२५०००</td><td>३७५</td><td>३३७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८४६००</td><td>१२७०</td><td>११४२०</td></tr>
</table></td><td>११,४२०</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>असुल गर्नुपर्ने</td><td></td></tr>
<tr><td>२१.१</td><td>१३</td><td>२०७८-५-९</td><td>लालिगुराँस महिला कृषक समूहसँग कृषि अनुदान कार्यक्रम अन्तर्गत रु३८९२५० को लागत अनुमान तयार गरी ७५ अनुदानमा कृषकसँगको लागत साझेदारीमा सम्झौता भएकोमा उक्त कृषक समितिले पेश गरेको खर्चको विवरण अनुसार रु ३९७९०० खर्च भएकोमा गाउँपालिकाबाट व्यहोर्ने अंश रु २११०९४। मा अग्रीम आयकर रु३५३६। कट्टा गरी रु २०७०००। भुक्तानी गर्नुपर्नेमा रु २१४०१६ भुक्तानी भएकोले बढी भुक्तानी भएको रु ६४८५। असुल गर्नु पर्ने रु</td><td>६,४८५</td></tr>
<tr><td>२१.२</td><td>३२६</td><td>२०७९-३-२१</td><td>श्रोत अनुमान तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको २ वटा बैठक बजेट खर्च रु २८५०० लेखी मोहन बुढाथोकी लाई रकम भुक्तानी भएकोमा रु २७०००। मात्र खर्च लेख्नु पर्नेमा बढी खर्च लेखेको रु१५००। को असुल गर्नुपर्ने रु</td><td>१,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.३ | ३६० | २०७९-३-२५ | आयकर ऐन २०५८ को दफा नं ८९ क मा मूल्य अभिवृद्धि कर बिजकको भुक्तानीमा १.५ प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्ने र दफा ८७ ८८ र ८९ अनुसार मूल्यवृद्धि करमा दर्ता नभएको व्यक्ति वा फर्मलाई भुक्तानी गर्दा १५ प्रतिशत अग्रीम कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । गाउँपालिका अन्तर्गतका ६ वटै वडाहरुमा १।१ संचालन भएको गाउँपालिका स्तरीय दलितमुख नीति तथा प्रावधानबारे अभिमुखिकरण तालिम गर्नको लागि विकासशील समाज नेपालले प्रस्ताव पेश गरेकोमा पालिकाबाट स्वीकृत गरी कार्यक्रम संचालन भएको पाइयो । सो सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।<br>**.1.** विकासशील समाज नेपाल (पान नं ६०२२५४९०) ले विभिन्न खुद्रा बिल तथा भरपाई राखी पेश गरेको रु३८२९२९।मा पालिकाले १५ प्रतिशतले हुने रु ५७४३९।३५ कर अग्रीम कट्टा गरेरमात्र भुक्तानी गर्नुपर्नेमा रु १२८७२। मात्र कट्टा गरेकोले बाँकी रु ४४५१७।३५ सम्बन्धितबाट असुल गर्नुपर्ने रु<br>**2.** विकासशील समाज नेपालले पेश गरेको बिल भरपाईमा अनुगमन भत्ता भनि खर्च जोडी भुक्तानी भएकोमा देहायका पदाधिकारी तथा कर्मचारीहरुलाई अनुगमन खर्च बुझाएको नपाएकोले उक्त रकम ।असुल गर्नुपर्ने रु<br><table><tr><td>सि नं</td><td>नाम थर</td><td>अनुगमन भत्ता</td></tr><tr><td>१</td><td>लाल बहादुर सुनार</td><td>१५००</td></tr><tr><td>२</td><td>दिपक कवर</td><td>१५००</td></tr><tr><td>३</td><td>यमुना खड्का</td><td>४५००</td></tr><tr><td>४</td><td>धनिराम नेपाली</td><td>१५००</td></tr><tr><td>५</td><td>माधव के सी</td><td>१५००</td></tr><tr><td>६</td><td>सार्की खत्री</td><td>१५००</td></tr><tr><td></td><td>जम्मा</td><td>१२०००</td></tr></table> | ५६,५१७.३५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१.४</td><td></td><td></td><td>गाउँपालिकाले वडा समितिहरुको मासिक बैठक बसे वापत २ वटासम्मको बैठक भत्ता दिने गरेको पाइयो । सो सम्बन्धमा आषाढ महिनाको पालिका तथा वडा समितिको मासिक बैठकमा भत्ताका सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन् ।
<table>
<tr><th>सि नं</th><th>विवरण</th><th>असुल गर्नुपर्ने</th></tr>
<tr><td>१</td><td>वडा नं ३ मा वडा समितिको बैठक भत्ता भुक्तानी हुनुपर्ने रु २५५०। भुक्तानी भएको ५१००।</td><td>२५००</td></tr>
<tr><td>२</td><td>वडा नं ४ मासिक बैठकको भत्ता वडा सचिव विर्ख बहादुर खड्काको नाममा कर कट्टी पश्चात रु २१६५७। बैक खातामा पठाएकोमा मा ५ जनाको रकम बुझेको भरपाई पेश नभएको</td><td>११४७५</td></tr>
<tr><td>३</td><td>अपाङ्गता परिचय पत्र वितरण कार्यकम स म वि नि यमुना खड्कालाई भुक्तानी भएकोमा १ जनाको रकम बुझेको भरपाई नभएको</td><td>८५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४८२५</td></tr>
</table></td><td>१४,८२५</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>किसान सूचिकरण तथा तथ्यांक व्यवस्थापन</td><td></td></tr>
<tr><td>२२.१</td><td></td><td></td><td>किसान सुचिकरण तथा तथ्यांक व्यवस्थापन कार्यक्रम पालिकास्तरीय १ दिने अभिमुखिकरण गोष्ठी सञ्चालनको लागि किसान सूचिकरण तथ्यांक संकलनको लागि किसान सुचिकरण कार्यक्रम कार्यान्वियन गर्न छनौट भएका २३ गणकहरुले ३३२४ घरधुरीको तथ्यांक संकलन गरेको रु ५० का दरले हुन अउने रकम रु १६६७०० खर्च लेखेकोमा सपना बस्नेतको रु १०६०० र इन्द्र वहादुर वली ५७००। गरी रु १६३०० सम्बन्धितले बुझेको भरपाई पेश नभएको रु</td><td>१६,३००</td></tr>
<tr><td>२२.२</td><td></td><td></td><td>कार्यसञ्चालन निर्देशिका २०७५ मा सहभागीको आते जाते खर्चको सम्बन्धमा सार्बजनिक यातायात चल्ने स्थानमा बस वापतको न्यूनतम भाडा पाउने । सार्बजनिक यातायात नचल्ने सथानमा आतेजाते गर्ने २ दिनसम्मको लागि एकमुष्ट रु२०० पाउने उल्लेख छ । किसान सुचिकरण तथा तथ्यांक व्यवस्थापन कार्यक्रम पालिकास्तरीय १ दिने अभिमुखिकरण गोष्ठीमा सहभागी २५ जना गणकहरुलाई रु१०००। का दरले यातायात खर्च भुक्तानी गरी रु२५०००। खर्च लेखेकोमा बढी हुने गरी भुक्तानी भएको २००००। मा कर कट्टी पश्चातको रु१६२५० असुल गर्नुपर्ने</td><td>१६,२५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २३ | | | **समानिकरण अनुदानबाट शिक्षक तलब**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । साबिकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी संचालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका गाउँपालिकाले समानिकरण अनुदानबाट ३० वटा विद्यालयलाइ ८० जना स्वयम्सेवक शिक्षक नियुक्ति गरी रु. १ करोड १८ लाख ९७ हजार अनुदान निकासा गरेको नियम सम्मत देखिएन । | ११,८९७,००० |
| २४ | | | **विद्यालय जिन्सी व्यवस्थापन**<br>विद्यालय लेखाङ्कन दिग्दर्शन २०७६ को खण्ड ८ मा जिन्सी मालसामान तथा सम्पत्ति व्यवस्थापनको बारेमा उल्लेख छ । विद्यालयको जिन्सी मालसामान भौतिक सम्पत्तिहरुको सुरक्षाको व्यवस्था गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको हुने, विद्यालयले आफुसँग भएका सबै जिन्सी मालसामन तथा सम्पत्तिहरुको अभिलेख राख्दा खर्च भएर जाने र नजाने मालसामान वा सम्पत्तिको अभलेख छुट्टा छुटै राख्ने, यस्ता मालसामानहरुको अभिलेखका लागि छुट्टाछुट्टै पानामा लेखांकन गर्नुपर्ने र सो को अभिलेखाङ्कन अनुसूची ३ को फाराम नं ३२ अनुसार हुने व्यवस्था गरेको छ । पालिका अन्तर्गतका विद्यालयहरुको लागि पालिकाबाट हस्तान्तरण भएका खप्ने मालसामानहरुको दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नं १ राखी पालिका पेश गर्ने गरेको पाईयो । यसरी पालिकाबाट बर्षैपिच्छे मालसामान विद्यालयरुलाई खरीद बिलको आधारमा अनुदान दिने र पालिकाबाट जिन्सी अभिलेख राखे नराखेको सम्बन्धमा अनुगमन गरेको देखिएन । लेखापरीक्षण क्रममा नवसर्वसाधारण माध्यमिक विद्यालयको स्थलगत अवलोकन गर्दा विद्यालयमा जिन्सी सम्बन्धी कुनै पनि अभिलेख राखेको देखिएन । जसबाट विद्यालयको सम्पत्ति संरक्षण र उपयोग सम्बन्धमा विश्वसनीय आधार भएन । यस सम्बन्धमा पालिकाबाट आवश्यक छानवीन गरी जिन्सी श्रेस्ता अद्यावधिक गराई सम्पतिको संरक्षण गराउनु पर्दछ ।<br><br>सोही विषयमा विद्यालयको चार कोठे भवनको लागि पालिकाबाट रु ३६ लाख अनुदान निकासा गरेकोमा स्लथगत अवलोकन गर्दा उक्त भवनको छतको ढलान फर्मा समेत ननिकालिएको मात्र भएको देखियो । विद्यालयले व्यवस्थापन समितमार्फत कार्य गराएकोमा निर्माण सामाग्री खरीद र ज्यालाको भुक्तानी गर्दा लेखा राखी एकाउन्ट पेयी चेकबाट भुक्तानी गर्नुपर्नेमा एकमुष्ट रकम निकाली नगदै वितरण गर्ने गरेको स्थलगत रुपमा प्रधानअध्यापकबाट जानकारी भयो । यसरी गोश्वारा भौचर नउठाइ विद्यालय खातामा जम्मा भएको रकम एकमुष्ट चेक काटी निर्माण सामाग्रीको खरीद बिल सँलग्न नगरी टिपोटको आधारमा निर्माण सामाग्री र ज्याला रकम भुक्तानी गर्दा वास्तविक लागतअनुसार कै रकम भुक्तानी भयो भन्ने विश्वसनीय आधार देखिँदैन । विद्यालयले दोहोरो श्रेस्ता प्रणालीमा आधारित लेखा प्राणाली अपनाइ एकान्टपेयी चेकबाट सम्बन्धित पार्टीलाई भुक्तानी दिनुपर्छ । | |
| २५ | | | **बिद्यालयको दरबन्दी ,गुणस्तर तथा तलब भत्ता** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २५.१ | | | दरवन्दी मिलानः शिक्षक दरबन्दी शिक्षा नियमावलीले ब्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस नगरपालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहात दरबन्दी र बिद्यालयको अवस्था, बिद्यार्थीको अवस्था, बिद्यार्थीको संख्या एकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । अतः यसरी दरबन्दी मिलान बेगर नगरपालिकाले गरेको शिक्षक तलबको लागि निकासा दिएको रकम वास्तबिक हो भनी एकिन गर्न सकिएन। | |
| २५.२ | | | संघ सरकारबाट प्राप्त शुन्य दरबन्दी भएको विद्यालय शिक्षक तलब अनुदान प्राप्त रकम निकासामा दरबन्दी मिलान नगरी शुन्य विद्यार्थि भएको विद्यालयको नाममा शिक्षक, कर्मचारी रकम निकासा गरेको देखियो ।दरबन्दी मिलान गरेर मात्र शुन्य दरबन्दी बिद्यालय निकासा गर्नुपर्दछ । | |
| २५.३ | | | स्थानीय तहले संघ तथा प्रदेशबाट प्राप्त समानीकरण लगायतका स्रोतबाट विद्यालयले नीजि श्रोतमा राखेको शिक्षकको तलब भत्तामा रकम विनियोजन गरी खर्च लेखेको देखियो यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ । | |
| २५.४ | | | सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी मापदण्ड बमोजिम अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्नु पर्नेमा यस पालिकाले शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार तथा प्रतिवेदन सार्वजनिक गरेको देखिएन। | |
| २६ | | | **शिक्षक तलब निकासा**<br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । पालिकाले सुर्योदय मा वि दार्मा ६ गोठीवनलाई वार्षिक निकासा रु ५३३०४१८। गर्नुपर्नेमा रु ५८९४२९१। निकासा गरेकोले बढी निकासा भएको रु ५६३८७३। असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु. | ५६३,८७३ |
| २७ | | | **2. कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना**<br>नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तिकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । तर पालिकाले उक्त पुस्तिकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार,बढी निकासा दिएको देखियो । तसर्थ तोकीए भन्दा बढी निकाशा भएको रकम असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्ने देखिएको रु | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>दिवा खाजा:- पालिकाले विद्यार्थीको हाजिरी आधारमा विद्यालयको खातामा दिवा खाजा निकासा गरेकोमा देहायको विद्यालयहरुले जेष्ठ तथा आषाढ महिनामा विद्यार्थी हाजिरीको आधारमा माग गरेको भन्दा बढी निकासा गरेको रु.४२८९५ असुल गर्नुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>विद्यालयको नाम</th><th>माग रकम जेष्ठ र आषाढ</th><th>निकासा रकम</th><th>बढी निकासा</th></tr>
<tr><td>1.</td><td>अन्धनाशक आधारभुत विद्यालय</td><td>५००८०</td><td>५०८६५</td><td>३७०५</td></tr>
<tr><td>2.</td><td>नेपाल राष्ट्रिय माध्यमिक विद्यालय</td><td>४२०६५</td><td>५७१२०</td><td>१५०५५</td></tr>
<tr><td>3.</td><td>सुर्योदय माध्यमिक विद्यालय</td><td>५११२०</td><td>७५२५५</td><td>२४१३५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४२८९५</td></tr>
</table></td><td>४२,८९५</td></tr>
<tr><td>२७.२</td><td></td><td></td><td>पाठ्य पुस्तकमा बढी निकासा – जनज्योति माध्यमिक विद्यालय फारुलाचौरलाई विद्यार्थी संख्याको आधारमा ७५ प्रतिशतले हुने रकम रु ४३९३६५। निकासा गरेकोमा बिल बमोजिम रु ६८५७४६ पेश भई बाँकी रु२३६३८१ मात्र निकासा गर्नुपर्नेमा रु३०८७४३ निकासा भएकोले बढी निकासा भएको रु७२३६२ असूल गरी संघीय संचित कोष दाखिला हुनुपर्ने देखिएको रु.</td><td>७२,३६२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>विपन्न लक्षित छात्रवृत्ति<br>विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड २०७८ को बुँदा नं ५.१२ मा कक्षा ११ र १२ मा ५।५ क्रेडिट आवरको जीव विज्ञान, रसायन विज्ञान र भौतिक विज्ञान विषयमा अध्ययनरत छात्रछात्राहरु विद्यालय तहको प्राविधिक धारमा अध्ययनरत छात्र छात्राहरुले वार्षिक रु.२४०००। का दरले छात्रवृत्ति पाउने तथा विज्ञान विषय बाहेक अन्य विषयमा अध्ययन गर्ने छात्र छात्राहरुले वार्षिक रु.१८०००। का दरले छात्रवृत्ति पाउने भन्ने व्यवस्था गरेकोमा देहायका विद्यार्थीहरुलाई तोकिएको भन्दा बढी हुने गरी देहायका विद्यार्थीको नाममा बैक खातामा निकासा गरेको रकम रु ९६०००। सम्बन्धितबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>छात्र छात्राको नाम</th><th>निकासा रकम</th><th>बढी निकासा रकम</th></tr>
<tr><td>१</td><td>अर्जुन भट्टराई खत्री</td><td>३६०००</td><td>१८०००</td></tr>
<tr><td>२</td><td>भद्रकला रोकाय</td><td>३६०००</td><td>१८०००</td></tr>
<tr><td>३</td><td>सिता ओली</td><td>३६०००</td><td>१८०००</td></tr>
<tr><td>४</td><td>कल्पना खड्का</td><td>३६०००</td><td>१८०००</td></tr>
<tr><td>५</td><td>अरुण शाही</td><td>४८०००</td><td>२४०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१९२०००</td><td>९६०००</td></tr>
</table></td><td>९६,०००</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>पुस्तकालय निर्माण<br>कार्यक्रम कार्यान्वयन पुस्तिकाको कृयाकलाप नं २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत यस वर्ष नव सर्वसाधारण माध्यमिक विद्यालयलाई पुस्तकालय स्थापना गर्न रु ६ लाख ५० हजार अनुदान निकासा गरेकोमा पालिकाको भौचर साथ संलग्न बिल भरपाई अनुसार विभिन्न १४९८ थान पुस्तक, बुकर्याक ५ थान अफिस दराज १ थान विद्लायमा प्राप्त गरी दाखिला प्रतिवेदन पेश भएकोमा मिति २०७९।५।२३ गते विद्यालयमा स्थलगत निरीक्षण गर्दा सामानहरुको जिन्सी किताबमा आम्दानी बाँधेको नदेखिएको तथा पुस्तकहरु बोरामा नै रहेको तथा पुस्तकालय निर्माणसम्बन्धी कुनै कार्य भएको देखिएन । पालिकाले अनुगमन गरेको र सो सम्बन्धमा कुनै मापदण्ड बनाएको पाइएन ।</td><td>६५०,०००</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>बढी भुक्तानी</td><td></td></tr>
<tr><td>३०.१</td><td>२४१</td><td>२०७९-१-१९</td><td>गाउँपालिका स्तरीय आवधिक परीक्षा २०७८ को अनुगमन गरेवापतको भत्ताको भरपाई उपाध्यक्षलाई रकम रु१७००। बुझाएको नपाएकोले शिक्षा शाखा प्रमुख रोम प्रसाद पाण्डेयबाट असुल गर्नुपर्ने रु</td><td>१,७००</td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.२ | ३६१ | २०७९-३-२५ | आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७६ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले वर्ष, शिर्षक, कर्मचारी, विद्यालय, विद्यार्थी र अभिभाकक छनौट कार्यक्रम मा रु ५००००। खर्च लेखि रोम प्रसाद पाण्डेयलाई भुक्तानी भएकोमा बिल भरपाई रु४६७५०। को मात्र भएकोले बिल भरपाई भन्दा बढी भुक्तानी भएको रु ३२५० असुल गर्नुपर्ने रु | ३,२५० |
| ३०.३ | १८५ | २०७९-३-२५ | विद्यालयमा शैक्षिक गुणस्तर कार्यकम अन्तर्गत शिक्षा शाखा प्रमुख रोम प्रसाद पाण्डेयले विद्यालय सुपरीक्षण तथा अनुगमन खर्च वापत रु ७३८००। र विद्यालयहरुको वार्षिक निकासा सिकाइ उपलव्धी तथा प्रति विद्यार्थ लागत प्रतिवेदन तयारीमा ५२७०० गरी जम्मा रु १२६५०० को बिल भरपाई पेश भइ खर्च लेख्नुपर्नेमा रु २२३५९२ लेखेकोले बढी भुक्तानी भएको रु ९७०९२ रोम प्रसाद पाण्डेयबाट असुल गर्नुपर्ने रु | ९७,०९२ |
| ३०.४ | | | कार्यसञ्चालन निर्देशिका २०७५ को ७.१.१५ मा सबै प्रकारका तालिम गोष्ठी सेमिनार कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्डमा प्रतिवेदको पारिश्रमिकको बारेमा उल्लेख छ । गाउँपालिकास्तरमा संचालन हुने सबै प्रकारका तालिमको १ दिनको रु १००० र एक दिन भन्दा बढीको कार्यक्रम भएमा थप ५०० दिन सकिने उल्लेख छ । लघु उद्यम विकास कार्यक्रम अन्तर्गत भएका देहायका तालिम कार्यक्रमहरुको महेश्वर देवकोटाले देहायका कार्यक्रम प्रति तालिम रु२५००। का दरले भुक्तानी लिएकोमा बढी भुक्तानी भएको रु३०००। को कर कट्टी पश्चातको रकम रु२५५० असुल गर्नुपर्ने रु | २,५५० |

| सि नं | तालिमको नाम | भुक्तानी | हुनुपर्ने | बढी |
|---|---|---|---|---|
| १ | आधारभुत सिलाई कटाइ तालिम वडा नं ५ | २५०० | १५०० | १००० |
| २ | बाँस मुडा स्तरोन्नती पुनर्ताजगी तालिम | २५०० | १५०० | १००० |
| ३ | उनी सल बुनाई तालिम | २५०० | १५०० | १००० |
| | | | | ३००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **सेनिटरी प्याड खरीद तथा व्यवस्थापन**<br>सेनिटरी प्याड व्यवस्थापन कार्यविधि २०७६ को परिच्छेद ३ दफा ५ बमोजिम विद्यालयले आफ्ना छात्राहरुको संख्याको आधारमा आवश्यक पर्ने सेनिटरी प्याड माग गर्ने र पालिकाबाट उपलव्ध भएको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले अभिलेख राखी विद्यालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अध्यावधिक गर्नुपर्ने र वितरण गरेको अभिलेख भरपाई सुरक्षित राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले देहाय बमोजिमको खरीद कार्य गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br><br>1. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको गणना गरी सोही अनुरुप बार्षिक खपत हुने आधारमा एकमुष्ट सेनिटरी प्यादको खरीद कारवाही अघी बढाउनुपर्नेमा पालिकाले लाइफ केयर हाइजिन प्रोडक्सन भरतपुर १ चितवनले राष्ट्रिय दैनिक प्रदेश टुडे पत्रिका प्रकाशित भएको दररेटको आधारमा कर्णाली प्याड सप्लायर्स तुलसीपुरबाट रु९९।९९ को दरले गो भौ नं ४६।२०७८।१२।१ बाट कर्णाली प्याड सप्लायर्स तुलसीपुरबाट १६००० प्याकेट सेनिटर प्याड खरीद गरी रु.१५९९८९९।- खर्च गरेको देखिन्छ ।<br>2. EMIES को तथ्याक अनुसार कक्षा ६ देखि १२ सम्म १३६७ छात्राहरु अध्यनरत रहेको पाइयो। पालिकाले वास्तविक तथ्यांकलाई वेवास्ता गर्दै बजेटको आधारमा २८०एमएम को १६००० प्याकेट खरीद गरी १४ विद्यालयहरुलाई भरपाई गरी पठाएकोमा सेनिटरीको जिन्सी खातामा व्यवस्थित रुपले अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी विद्यालयले अध्यावधिक अभिलेख तयार गरी राख्नु पर्नेमा विद्यालयहरुले प्राप्त गरेको सेनिटर प्याडको जिन्सी खातामा आम्दानी बाँधेको तथा छात्राहरुलाई वितरण गरेको भरपाई पेश भएको छैन<br>3. पालिका देखि नजिक रहेको एक विद्यालय जनज्योति माध्यमिक विद्यालयबाट सेनिटरी प्याडको हालसम्मको वितरण तथा मौज्दातको विवरण माग गर्दा विद्यालयमा १० बोरा बाँकी रहेको पत्र पेश भएकोमा उक्त १० बोरामा के कति परीणाममा प्याड रहेको भन्ने स्पष्ट नखुलेको तथा छात्रा विद्यार्थीलाई वितरण गरेको समेत नपाइएको ।<br><br>साथै उक्त विद्यालय लगायत अन्य ३५ वटा विद्यालयहरुबाट हालसम्मको सेनिटरी प्याडको वितरण तथा मौज्दातको विवरण र छात्राहरुले प्याड बुझेको भरपाई समेत पेश भएको छैन । | |
| ३२ | | | **शिक्षक विद्यार्थी अनुपात**<br>शिक्षक विद्यार्थी अनुपातः शिक्षा नियमावली २०५९ को नियम १२ क मा सामुदायिक विद्यालयहरु एक एक आपसमा गाभिनको लागि उक्त नियमावलीको नियमको ७७ बमोजिम पहाडी जिल्ला प्रति कक्षा विद्यार्थी संख्या ४५ जना नभएको खण्डमा आपसमा गाभ्न सकिने व्यवस्था रहेको छ । गाउँपालिका मातहतमा रहेका देहायका सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको हुँदा नियममा भएको व्यवस्था अनुसार एक आपसमा गाभी शिक्षाको गुणस्तरमा बृद्धि गराउनुपर्दछ । | |

| सि नं | विद्यालयको नाम | स्थायी दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | शिक्षक अनुपान |
|---|---|---|---|---|---|---|
| | | | | | | 47 |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | श्री अन्धनाशक आधारभूत विद्यालय | ४ | ४ | २ | १८६ | | | |
| | | | | २ | श्री कमल प्राथमिक विद्यालय | ० | ० | ० | ४० | 0 | | |
| | | | | ३ | श्री कालिका आधारभूत विद्यालय | ४ | ४ | १ | २६६ | 67 | | |
| | | | | ४ | श्री कालिका प्राथमिक विद्यालय | ३ | ३ | १ | ४३ | 14 | | |
| | | | | ५ | श्री जनकल्याण आधारभूत विद्यालय | २ | २ | १ | ११५ | 58 | | |
| | | | | ६ | श्री जनकल्याण आधारभूत विद्यालय | ३ | ३ | २ | १४८ | 49 | | |
| | | | | ७ | श्री जनकल्याण प्राथमिक विद्यालय | २ | २ | १ | ८५ | 43 | | |
| | | | | ८ | श्री जनजागरण प्राथमिक विद्यालय | ० | ० | ० | १०९ | 0 | | |
| | | | | ९ | श्री जनजागृत आधारभूत विद्यालय | ३ | ३ | ० | १७० | 57 | | |
| | | | | १० | श्री जनज्योति प्राथमिक विद्यालय | २ | २ | १ | ४२ | 21 | | |
| | | | | ११ | श्री जनज्योति माध्यमिक विद्यालय | १४ | १४ | ४ | १२६० | 90 | | |
| | | | | १२ | श्री जनता प्राथमिक विद्यालय | ० | ० | ० | ५१ | 0 | | |
| | | | | १३ | श्री जनशिशु प्राथमिक विद्यालय | २ | २ | १ | ५९ | 30 | | |
| | | | | १४ | श्री जनसेवा प्राथमिक विद्यालय | ० | ० | ० | १६ | 0 | | |
| | | | | १५ | श्री ज्ञानपुञ्ज प्राथमिक विद्यालय | १ | १ | १ | ६७ | 67 | | |
| | | | | १६ | श्री दलित जागरण प्राथमिक विद्यालय | ० | ० | ० | ६१ | 0 | | |
| | | | | १७ | श्री दिनदिप जनता प्राथमिक विद्यालय | ० | ० | ० | ७५ | 0 | | |
| | | | | १८ | श्री नवचेतना प्राथमिक विद्यालय | २ | २ | १ | १०५ | 53 | | |
| | | | | १९ | श्री नवजागरण प्राथमिक विद्यालय | १ | १ | ० | १०० | 100 | | |
| | | | | २० | श्री नवसर्वसाधारण आधारभुत विद्यालय | ५ | ५ | ३ | २४८ | 50 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | २१ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय | ४ | ४ | २ | ९९ | 25 | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २२ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | ६ | ६ | ४ | २४३ | 41 | |
| | | | | २३ | श्री बालकल्याण प्राथमिक विद्यालय | ३ | ३ | ३ | ८८ | 29 | |
| | | | | २४ | श्री बालकल्याण माध्यमिक विद्यालय | ६ | ६ | ० | २६७ | 45 | |
| | | | | २५ | श्री बालज्ञानोदय आभारभूत विद्यालय | ३ | ३ | ० | २३६ | 79 | |
| | | | | २६ | श्री भविश्य निर्माता प्राथमिक विद्यालय | २ | २ | २ | ३६ | 18 | |
| | | | | २७ | श्री राष्ट्रिय माध्यमिक विद्यालय | ८ | ८ | ५ | ५२४ | 66 | |
| | | | | २८ | श्री लक्ष्मी आधारभुत विद्यालय | ४ | ४ | ० | २६२ | 66 | |
| | | | | २९ | श्री लोकतान्त्रिक प्राथमिक विद्यालय | १ | १ | ० | ९५ | 95 | |
| | | | | ३० | श्री विश्वेश्वर आधारभुत विद्यालय | ४ | ४ | २ | २०४ | 51 | |
| | | | | ३१ | श्री सरस्वती प्राथमिक विद्यालय | ३ | ३ | १ | ६७ | 22 | |
| | | | | ३२ | श्री सरस्वती प्राथमिक विद्यालय | १ | १ | ० | ७४ | 74 | |
| | | | | ३३ | श्री सिद्धार्थ आधारभुत विद्यालय | ३ | ३ | १ | ६३ | 21 | |
| | | | | ३४ | श्री सुर्योदय प्राथमिक विद्यालय | १ | १ | ० | ३७ | 37 | |
| | | | | ३५ | श्री सुर्योदय माध्यमिक विद्यालय | १२ | १२ | ७ | ७३८ | 62 | |
| | | | | ३६ | जम्मा | १०९ | १०९ | ४६ | ६२७९ | | |
| ३३ | | | **ठेक्का ब्यबस्थापन र कार्यान्वयनको स्थितिः** | | | | | | | | |
| ३३.१ | | | न्युन प्रगतिः दार्मा गाउपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १३० मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा गाउपालिकालाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपुर्ति दिनुपर्ने तर पूर्वनिर्धारित क्षतिपुर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ। गाउपालिकाबाट सम्झौता भएका योजनाको कार्यप्रगति अबश्था निम्नानुसार देखिन्छ । | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.२ | | | ठेक्का नं २÷२०७८।७९÷ गाउपालिकाको बिभिन्न वडामा एल. टि. लाइन निर्माणको कार्य निर्माण ब्याबसायी मिलिजुलि निर्माण सेवाले मु.अ.कर समेत रु २७३३७७९ मा २०७९ असार २० सम्म कार्य सम्पन्न गर्नेगरी २०७८।९।१९ मा सम्झौता भएकोमा यस बर्ष कार्य मुल्यांकन तथा भुक्तानी गरेको देखिएन। २०७९।४।८ को कार्यपालिकाको निर्णयले २०७९।६।२० सम्म म्यादथप गरेकोमा कार्यालयले तोकिएको थप समयमा कार्यसम्पन्न गराउन पहल गर्नुपर्दछ । | |
| ३३.३ | | | ठेक्का नं ५÷२०७८।७९÷ चिउरेखोला-सिङ्गारिकोट- रागेडाँडा सिंचाई कुलो निर्माण को कार्य निर्माण ब्याबसायी श्रि जी. कन्सट्रक्सन प्रा.लि. ले मु.अ.कर बाहेक रु ४०३१०८८ मा २०७९ असार २० सम्म कार्य सम्पन्न गर्नेगरी २०७८।१२।२४ मा सम्झौता भएकोमा यस बर्ष प्रथम बिलबाट गो.भौ.१९० मिति २०७९।३।२६ मा रु ८४७५१७ अर्थात सम्झौता रकमको १८.६६ प्रतिशत कार्य मुल्यांकन भइ भुक्तानी गरेको देखियो । पालिकाले प्रथम पटक २०७९।९।२० सम्म म्याद थप गरेकोमा लेखापरिक्षण अवधि सम्म थप मुल्यांकन भएको नदेखिएकोले थप म्याद भित्र कार्यसम्पन्न गराउनुपर्ने देखिन्छ। | |
| ३३.४ | | | ठेक्का नं ६÷२०७८।७९÷ मौलाहाले फारुलाचौर स्यालागाउ नुवाकोट सडक निर्माणको कार्य निर्माण ब्याबसायी बपजयश्वरी निर्माण सेवाले मु.अ.कर बाहेक रु ४७०७९६५ मा २०७९ असार २० सम्म कार्य सम्पन्न गर्नेगरी २०७८।१२।२४ मा सम्झौता भएकोमा यस बर्ष कार्य मुल्यांकन भइ भुक्तानी गरेको देखिएन । पालिकाले प्रथम पटक २०७९।९।२० सम्म म्याद थप गरेकोमा लेखापरिक्षण अवधि सम्म भएको नदेखिएकोले थप म्याद भित्र कार्यसम्पन्न गराउनुपर्ने देखिन्छ। | |
| ३३.५ | | | ठेक्का नं ७।०७८।७९÷ वडा नं १र ५ को वडा कार्यालय भवन निर्माणको कार्य निर्माण ब्याबसायी स्टार दार्मा मालिका . कन्सट्रक्सन प्रा.लि. ले मु.अ.कर बाहेक रु ५१९७८५४ मा २०७९ चैत्र २० सम्म कार्य सम्पन्न गर्नेगरी २०७८।१२।२१ मा सम्झौता भएकोमा यस बर्ष कार्य मुल्यांकन भइ भुक्तानी गरेको देखिएन । तोकिएको म्यादमा कार्य सम्पन्न गराउन कार्यालयले पहल गर्नुपर्दछ । | |
| ३३.६ | | | ठेक्का नं ९÷२०७७।७८÷ को कार्य निर्माण ब्याबसायी मिलिनियम कल्पबृक्ष\ शिब\ निर्मल जे.भि. ले मु.अ.कर बाहेक रु १२०६५८३७९मा २०८० असार २५ सम्म कार्य सम्पन्न गर्नेगरी २०७८।३।२३ मा सम्झौता भएकोमा यस बर्ष प्रथम बिलबाट कार्य मुल्यांकन रु १९७००७०६ भइ भुक्तानी गरेको देखियो। सम्झौताको म्याद ५८ प्रतिशत ब्यतित हुँदा बित्तिय प्रगति भने १६.३२ प्रतिशत मात्र देखिन्छ । कार्यालयले तोकिएको समयमा कार्यसम्पन्न गराउन पहल गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>स्थलगत अवलोकन<br>सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्बजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राबिधिक नापजाँच गरी नापी बिताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यबस्था छ । पालिकाले नव सर्वसाधारण माध्यमिक बिद्यालय रातमाटाको २ कोठे आरसिसि भवन निर्माण कार्यको अन्तिम बिलको रु २८३१५२८ कार्य मुल्यांकन गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेकोमा बिद्यालयमा लेखापरिक्षणको क्रममा २०७९ भाद्र २४ गते स्थलगत रुपमा अवलोकन गर्दा काठको कार्य आइटम नम्वर १४.ख खापा लगाउने कार्य २०.६९ बर्ग मिटर कार्य नभएको देखियो । उपभोक्ता समितिले कार्य सम्पन्न नगरेको उक्त कार्यको प्रति बर्ग मिटर रु ५००० का दरले बढि भुक्तानी भएको पालिकाले स्थलगत अनुगमन पश्चात २०७९।६।८ गते खापा जडान गरेको फोटो पेश गरेको छ जिम्मेवार पदाधिकारीले काम पुर्ण नभए सम्म कार्य मुल्यांकन गर्नु हदैन ।</td><td></td></tr>
